# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ७)　　संख्याः ४　　मिति : माघ १५ गते २०८०

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७(प्रमथ संशोधन,२०८०)

प्रस्ताव : तालिम संचालन तथा व्यवस्थापनलाई संशोधन गर्न वाञ्छानीय भएकोले, तालिम संचालन तथा व्यवस्थापन,२०७७ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८०।९।२५ गते बसेको बैठकले यो कार्यविधि संशोधन गरेको छ ।

### परिच्छेद–१
### संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "तालिम संचालन तथा व्यवस्थापन कार्यविधि(प्रमथ संशोधन) २०८०" रहेको छ ।

२.कार्यविधि यशोधराको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुने छ ।

**२.** तालिम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को परिछेद ५ को दफा ८ को (ख), (ग) र (घ) मा संशोधन : कार्यक्रम क्र.स. संयोजकको पारिश्रमिक दर रु. १०००। कायम र क्र.स. ४ को कार्यक्रम सह-संयोजक पदको सट्टामा सहयोगी कर्मचारी र सोको पारिश्रमिक दर रु. ५००। कायम ।

३. तालिम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को परिच्छेद ५ को दफा ८ को (ख),(ग) र (घ) मा थप : खाजा खर्च शिर्षक प्रति दिन प्रति व्यक्ति रु. ५००। कायम ।

४. यस गाउँपालिका अन्तरगत गत विगत आर्थिक बर्षहरुमा संचालन भएका तालिम गोष्ठी तथा सेमिनार लगायतका कार्यक्रमहरुलाई यसै संशोधन बमोजिम भएको मानिनेछ ।

आज्ञाले,

नामः रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत